लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.स.:-२०७९/८०

च.नं. :-

Email-(laxminiyamun@gmail.com)

मिति :-२०८०/०३/१२

**बिषय :- योजना तथा कार्यक्रमको फर फारक सहित भुक्तानीको लागि कागजात पेश गर्ने सम्बन्धमा ।**

**श्री सरोकारवाला सबै ।**

प्रस्तुत बिषयमा आ.व.२०७९/८० का लागि गाउँ सभाबाट विनियोजित निति, कार्यक्रम तथा बार्षिक बजेट अर्न्तगत गाउँपालिका र वडा कार्यालयहरूबाट संचालित योजना तथा कार्यक्रमहरू अषाढ महिनाको १५ गते सम्म कार्य सम्पन्न गरी फर फारक र भुक्तानीको लागि सम्पूर्ण कागजात मिति २०८०/०३/२० गते सम्ममा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नुका साथै तोकिएको मिति भित्र कागजात पेश नभएमा योजना तथा कार्यक्रमहरूको हकमा गाउँपालिकाबाट भुक्तानी गर्न नसकिने व्यहोरा अनुरोध छ ।

पुन : अर्थ मन्त्रालयको मिति २०८०/०१/१४, च.नं.१२१ र गाउँपालिकालाई समानीकरण अनुदानको अन्तिम किस्ता स्वरूप प्रदान गर्ने रकममा ५० प्रतिशत कटौती भएको र विश्वमा भएको आर्थिक मन्दिको असर मुलुकमा पनि परेको र फल स्वरूप संघीय सरकारले अपेक्षित रूपमा राजश्व संकलन गर्न नसकेकोले स्थानीय तहलाई प्रदान गर्ने राजश्व बाडँफाडको रकम अनुमान बमोजिम अपेक्षित रूपमा प्राप्त हुन नसकेको विद्यमान अवस्था र गाउँपालिका तथा वडाकार्यालयहरू स्वयंले पनि लक्ष्य अनुरूप आन्तरिक राजश्व संकलन गर्न नसकेको अवस्थामा भुक्तानीका लागि पेश भएका योजना तथा कार्यक्रमहरूको भुक्तानी श्रोतको सुनिश्चितताको आधारमा गाउँपालिकाबाट प्राथमिकता बमोजिम क्रमश :हुने व्यहोरा अनुरोध छ ।

**बोधार्थ :-**

१.श्री सम्पूर्ण वडा कार्यालयहरू, शाखाहरू समयमै कार्यक्रम र योजनासँग सम्बन्धित सम्पूर्ण विल, भरपाई, भौचर र आवश्यक कागजात तयारी गरी/गराई भुक्तानीका लागि आर्थिक प्रशासन शाखामा पेश गर्न हुन ।

**अवगतार्थ :-**

श्री गा.पा.प्रमुखज्यू

श्री गा.पा.उपप्रमुखज्यू,कार्यक्रम तथा योजनाहरूको समयमै अनुगमन गरि दिनु हुन ।

श्री वडा अध्यक्षज्यूहरू सबै, समयमै सम्पूर्ण योजना तथा कार्यक्रमहरू संचालन/अनुगमन गरी फर फारकमा सहयोग गरी दिनु हुन ।

..................

**संजित कुमार यादव**

**लेखा प्रमुख**

संजित कुमार यादव

लेखा प्रमुख

..................

**नागेन्द्र यादव**

**प्रमुख प्रशासकीय अधिकृत**

**नागेन्द्र यादव**

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner